प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र, रामेछाप

## बागमती प्रदेश

## (रामेछाप र दोलखा)

मन्थली, रामेछाप

प.सं. ०७७।०७८

च.नं. ८२

मिति २०७७/०५/१७

विषय: मागमा आधारित सौर्य सिंचाइ बारेको सूचना सम्बन्धमा ।

श्री स्थानीय तह सबै,

रामेछाप र दोलखा जिल्ला।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र रामेछापको आ.व ०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको मागमा आधारित सौर्य सिंचाइ कार्यक्रमको यसै पत्र साथ संलग्न सूचना तहाँ पालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना प्रवाह गरी आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ । साथै कृषि उद्यमी, कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीहरुलाई आवश्यकताका आधारमा सिफारिस गरी सहयोग गरिदिनुहुन पनि अनुरोध छ ।

निर्मला गुरुङ
प्रमुख

फोन नं.: ०४८५४००६३/ ०४८५४०३०८

ईमेल: akc.ramechhap2075@gmail.com
www.facebook.com/akcramechhap2076

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रामेछाप

बागमती प्रदेश
(रामेछाप र दोलखा)

## मागमा आधारित सौर्य सिँचाइ कार्यक्रममा सहभागी हुनका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०५/१८

कृषि ज्ञान केन्द्र रामेछापको आ.व ०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको मागमा आधारित सौर्य सिँचाइ कार्यक्रममा सहभागी हुन इच्छुक रामेछाप र दोलखा जिल्लाका कृषि उद्यमी, कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अनुसूची-३ बमोजिमको निवेदन सहित माग गरेको कागजातहरु यस कार्यालय वा सम्पर्क कार्यालय दोलखामा प्रस्ताव दर्ता गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरुको विवरणः**

**क) व्यक्तिगत वा सामूहिक उपभोक्ताको लागिः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. लालपूर्जाको प्रतिलिपी/करारनामाको प्रतिलिपी
३. आफूले भाडामा जग्गा लिई खेती गरिरहेको भएमा न्यूनतम १० वर्षको लागि भाडामा लिएको सम्झौतापत्रको प्रमाण
४. सामूहिक सिंचाई योजनाको लागि व्यक्तिगत उपभोक्ताहरु सबैको संयुक्त निवेदन र स्थानीय निकायको सिफारिस पत्र
५. लगानीको आधार

**ख) संस्थागत/नीजि फर्मको लागिः**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
२. संस्थाको नविकरण गर्नुपर्ने अवस्थामा नविकरणको प्रमाणपत्रको प्रतिलिपी
३. संस्थाको स्थायी लेखा नम्बर
४. संस्थाको बैठकबाट योजना माग गर्न गरिएको निर्णय प्रतिलिपी
५. संस्थाको तर्फबाट निवेदन दिने पदाधिकारीलाई प्रदान गरिएको अख्तियारी पत्र
६. पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो १ प्रति
७. लालपूर्जाको प्रतिलिपी वा करारनामाको प्रतिलिपी
८. ऐलानी जग्गाको हकमा स्थानीय निकायलाई शुल्क बुझाएको प्रमाणको प्रतिलिपी र स्थानीय निकायको सिफारिस पत्र
९. लगानीको आधार

नोटः थप जानकारीका लागि यस केन्द्रको सम्पर्क नं ०४८-५४०३०८/९८४९१२०७८१ मा सम्पर्क राख्न हुन वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाइट http://molmac.bagamati.gov.np/ बाट पनि सम्बन्धित कार्यक्रम संचालन कार्यविधिबाट विस्तृत जानकारी लिनुहुन अनुरोध छ ।

कृषि प्रसार अधिकृत

निर्मला गुरुङ
प्रमुख